कोशी प्रदेश, विराटनगर, नेपाल

# मुख्यमन्त्री

## शुभकामना

१३५औं अन्तर्राष्ट्रिय श्रमिक दिवसको अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली श्रमजीवी आमाबुबा, दिदीबहिनी तथा दाजुभाइलगायत विश्व श्रम बजारमा काम गरिरहनु भएका सम्पूर्ण मजदुर वर्गमा सुख, शान्ति, सुस्वास्थ्य र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

मे १ तारिखका दिन मनाउने विश्व मजदुर अर्थात् अन्तर्राष्ट्रिय श्रमिक दिवसले मजदुरको पेशागत मर्यादा, स्वतन्त्रता र सम्मानको प्रत्याभूतिका साथै आठ घण्टा काम, आठ घण्टा आराम र आठ घण्टा मनोरञ्जन लगायतका हक, अधिकार स्मरण गराउने दिन हो । यस दिवसले आफ्नो हक, अधिकार स्वतन्त्रताको रक्षार्थ देश, प्रदेश र विश्वभरिका सम्पूर्ण श्रमजीवीहरूलाई एकताको सूत्रमा बाँध्न सहयोग पुग्ने विश्वास लिएको छु । मजदुरको हक, अधिकार प्राप्तीको अभियानमा योगदान पुर्याउनु हुने सबैप्रति नमन गर्दछु ।

नेपालको संविधानले श्रम सम्बन्धी हकलाई मौलिक हकको रुपमा अंगिकार गरेको छ । समान कामका लागि लैंगिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव नगरिने व्यवस्था समानताको हकले गरेको छ ।

आम श्रमिक वर्गको सम्मानका साथ स्वतन्त्ररुपमा श्रम तथा रोजगारी गर्न पाउने अधिकारको प्रत्याभूति गराउन कोशी प्रदेश सरकार प्रतिबद्ध छ । मुलुकमा पहिलो पटक मजदुरको हक अधिकारको आवाज मुखरित भएको यस कोशी प्रदेशमा प्रदेश सरकारले श्रमप्रतिको सम्मान अभिवृद्धिका लागि मानवीय विकासको नीति अख्तियार गरी काम अघि बढाएको छ । काम गर्ने संस्कृति स्थापित गराउन प्रदेश सरकारले अघि बढाएको मानवीय विकासको अभियानमा हातेमालो गरेर सफल बनाउनु अहिलेको अपरिहार्यता हो ।

अन्तमा, देश तथा प्रदेशमा रोजगारीको अवसर सिर्जना गर्न स्वदेशी उत्पादनको प्रयोग, श्रमको सम्मान, स्वरोजगार, उचित पारिश्रमिक, समाजिक सुरक्षालगायतका श्रमिकको अधिकार सुनिश्चितताको कामनाका साथै विश्व मजदुर दिवसको पुनः सबैमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

केदार कार्की
मुख्यमन्त्री
कोशी प्रदेश

मिति २०८१ बैशाख १९ गते ।
नेपाल सम्वत् ११४४ चौलागा सप्तमी